ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article
Achyutram Bhandari Sangit Pratisthan Aalekh, Vol. 3, Issue 1

# सामवेदमा शास्त्रीय संगीतको स्वरूप

**डा.अञ्जु चन्देल उप्रेती**

उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, ललितकला केन्द्रीय विभाग
इमेलः anjuupreti7@gmail.com

**लेखसार :**

वैदिक काललाई सबभन्दा प्राचीन र सुसम्बद्ध संगीतको काल भनिएको छ । यो युग संगीतको दृष्टिकोणले धेरै पवित्र युग मानिएको हो, वैदिक संगीतको कालको निर्माण वेदकै कालबाट प्राप्त हुन्छ  संगीतको सम्बन्ध सामवेदसँग छ, तर संगीत विषयक सामग्री ऋग्वेदमा पनि प्राप्त हुन्छ । ऋग्वेदको संगीत सामग्रीबाट यो ज्ञात हुन्छ कि संगीतको विकास पुरातन कालमा नै संगीत सम्बन्धि धेरै विकास भैसकेको थियो, बैदिक कालमा तन्त्रवाद्यको धेरै निर्माण भई सकेको थियो । गायन विधाको साथ-साथ वादन संगीतको पनि महत्त्वपूर्ण स्थान प्राप्त थियो संगीत विधाको कुने पनि पक्षको अध्ययन वैदिक संगीतको विना पूर्ण हुनै सक्दैन । "वैदिक युग भारतीय सांस्कृतिक इतिहासको प्राचीनतम् युग भएको  कुरा  विद्वान्हरूले बताएका अनुसार यो युगको प्रारम्भ ई.पू. ६००० देखि ई.पू. ८०० सम्ममा मानिएको हो ।" वैदिक युगमा नै चारवेदको निर्माण भएको थियो । संसारको समस्त ज्ञान-विज्ञान, हर समस्याको समाधान वेदमा छ, चाहे त्यो चिकित्सा हो, कलाको क्षेत्र अथवा टेक्नोलोजी, भूमण्डलीकरण हो या राजनीति, सबैकुराको विस्तार वेदमा प्राप्त हुन्छ । नाद उपासनाको लागि शास्त्रीय संगीत परम्परा वैदिककालीन सामगानबाट प्रारम्भ भएर आजको परिवेशसम्म आइपुगेको छ ।

वैदिक संगीत यज्ञवेदीको चारैतर्फ उच्चारित मन्त्रबाट उत्पन्न तर वैदिककाल र संहिताकालसम्म वीणा वादन सामगानको संगीत र गान प्रस्तुति गर्नका लागि हुन्थ्यो । वैदिककालमा सामगानको विशिष्ट पद्धति तथा त्यसको आफ्नो प्रक्रिया थियो ।

ऋक्, साम, यजु र अर्थव वेदमध्ये सामवेद पूर्णतः संगीतमय रहेको छ। वैदिक तीन स्वर उदात्त अनुदात्त र स्वरित मूल स्वर हुन्। यी तीन स्वरको आधारमा सात स्वरको विस्तार भएको हो । यसपछि निर्माण भएको चार उपवेदमध्ये गान्धर्व वेद संगीत कलाको मूलभूत आधार मध्य एक हो । नारदीयशिक्षा, याज्ञवल्क्यशिक्षा र माण्डुकीशिक्षाहरूमा पनि संगीत विषयमा विस्तृत चर्चा गरिएको छ। सामवेदलाई प्राचीन संगीतको दृष्टिले एउटा विशिष्ट स्थान प्राप्त छ। सामवेद यस्तो ग्रन्थ हो जसको सांगीतिक सरिताको प्रवाह अनादिकालदेखि दृश्य स्वरूप हामीमाँझ प्रस्तुत छ ।

प्रस्तुत अनुसन्धान आलेख "सामवेदमा शास्त्रीय संगीतको स्वरूप"मा वैदिक र यस

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

कालमा रचित वेदहरूमध्ये सामवेदमा शास्त्रीय संगीतका स्वर र वाद्यको बारेमा वर्णनात्मक रूपले प्रष्ट पार्न खोजिएको हो । यस अध्ययनबाट जो कोही संगीत जिज्ञासुलाई वैदिक कालीन सामवेदमा प्रस्तुत संगीतलाई जानकारी प्राप्त गर्न सक्छ ।

**शब्दकुन्जी :-** वैदिक, सामवेद, ऋग्वेद, उदात्त, अनुदात्त, स्वरित, उपनिषद्, नारदीय, याज्ञवल्क्य, माण्डुकीशिक्षा ।

## परिचयः-

संगीत स्वर वर्णद्वारा श्रृङ्गारिएको नादयुक्त कर्णप्रिय ध्वनि हो । नाद आराधनाको लागि सामवैदिक गानबाट प्रारम्भ भएर आजको अवस्थासम्म पुगेको हो । सामवेदको प्राचीन संगीतको दृष्टिकोणले एउटा विशिष्ट स्थान प्राप्त छ। संगीत मानव जीवनको मूलभूत प्रवृत्ति हो, जबदेखि मानिसको आर्विभाव भयो त्यस बेलादेखि उसको चारैतर्फ संगीतमय वातावरण सिर्जना भयो, त्यो परिवेश मानवद्वारा निर्मित नभएर प्राकृतिक थियो । श्रीकृष्णको कथनअनुसार “वेदानां सामवेदोऽस्भि” यस तथ्यको सम्यकरूपले यो पुष्ट हुन्छ कि संगीतनै सृष्टिको आदितत्त्व हो । (शर्मा, २००७, पृ.१०) ।

मानिसले जब सर्वप्रथम आखाँ खोल्यो, त्यस बेला पनि संगीतको मूल-तत्त्व ‘ॐ’को व्याप्ति सर्वत्र थियो । त्यही नाद-ब्रह्मको उच्चरणबाट संगीतको उत्पति भएको थियो । आज पूर्वी र पश्चिमी सबै विद्वान यस कुराबाट सहमत छन् कि वेद विश्वको प्राचीनतम वाङ्मय हो । यस ग्रन्थको मन्त्र तीन रूपमा विभक्त छन् ऋक्, यजु र साम यसलाई नै त्रेयी विद्या पनि भनिन्छ । “वैदिक वाङ्मयमा सामवेदको सर्वाधिक महत्त्व थियो संहिताको रूपमा पनि सामवेदलाई सबभन्दा सानो वेदवृक्षको पुष्प मानिएको छ । भगवान् कृष्णले वेदानाम् सामवेदोऽस्मि भनेर सामवेदको महत्त्वको बारेमा भनेका छन्” (शर्मा, २००७, पृ.२४) भारतीय परम्परामा सामवेदको अध्ययन र अध्यापन तथा गानको बारेमा विशेष ध्यान दिएका थिए ।

ऋषिमुनिद्वारा जुन सामगान गरेका थिए, त्यो गान मौखिक परम्परामा आधारित धेरै समयसम्म विभिन्न यज्ञमा तिनको प्रयोग भइराखेको थियो । कालान्तरमा जब सामगानको संकलन प्रारम्भ भयो तब विभिन्न ऋषि गोत्रले आफ्नो मन्त्र, आफ्नो पूर्वज ऋषिद्वारा आ-आफ्नो मन्त्र संकलित गरेपछि कृष्णद्वैपायन (ब्यास)द्वारा सबै ऋषिहरूको मन्त्रलाई एक ठाउँमा सङ्कलन गरेका थिए ।

“पूर्व ऋषिहरूद्वारा प्राप्त मन्त्रलाई एउटा सुनिश्चित योजनाको आधारमा मन्त्रलाई चार भागमा संकलित गरेर, एक-एक भागलाई आफ्नो चारवटा शिष्यलाई पढाउनुभयो । पैल नाम गरेका शिष्यलाई ऋग्वेदसंहिता, वैशम्पायनलाई यजुर्वेदसंहिता, जैमिनिलाई सामवेदसंहिता तथा सुमन्तु नाम गरेका शिष्यलाई अथर्ववेदसंहिताको अध्यापन गराउनुभएको थियो । यो चार संहिता

नै आज चार वेदको रूपमा प्रसिद्ध छन् ।"(शर्मा, २००७, पृ. २४) ।

वैदिकसंहिताको समयका वैदिक, मन्त्रोच्चारणबाट गायन र नृत्यको आरम्भ हुन्थ्यो । विस्तारै वेदपछि वैदिक ग्रन्थहरूमा गाईएका गीतहरूलाई स्तुति वा प्रार्थना भन्न थालियो ।

हाम्रो संस्कृतिको मूल आधार वेद हो । त्यस्तै भारतीय संगीतको मूल आधार पनि वेदलाई नै मानिएको छ । चार वेदमध्ये सामवेदलाई संगीत कलाको लागि प्रमुख मानिएको छ । "सांमवेदकै विकसित रूप गन्धर्ववेदलाई मानियको छ जुन सामवेदको उपवेदको रूपमा मानिएको हो ।" (दर्नाल, २०५८, पृ.७१) वैदिक संगीतमा सातस्वर निर्माण भएपछि मात्र संगीत कलामा विकास भएको मानिन्छ ।

## वैदिक परम्परा र संगीत :-

वैदिक कालमा संगीतको स्वरूपलाई पवित्र तथा शुद्ध मानिन्थ्यो । यो आत्मविनोद, मनोरञ्जनको लागि मात्र नभएर यज्ञमा ईश्वरको आराधना गर्दा महान् ऋषिमुनिहरूद्वारा संगीतको प्रयोग गरेर वैदिक ऋचा अर्थात् मन्त्रोच्चारण गर्दै, विभिन्न धार्मिक अनुष्ठान र सामाजिक संस्कार तथा अन्य शुभअवसरमा वेदज्ञहरूद्वारा वेदगानको परम्परा अपनाइएको थियो । वैदिक युगमा संगीत मोक्ष प्राप्तिको साधन मानिन्थ्यो । त्यस युगमा पवित्र वेदहरू जीवन्त र शक्ति सम्पन्न दिव्य रूपमा थिए । लौकिक र परलौकिक भिन्न कामनाको पूर्तिको लागि भिन्न-भिन्न यज्ञहरूको विधान थियो । वेद गानको अधिकार सिर्फ वेदज्ञ ब्राम्हणलाई थियो । जसको स्वभाव मधुर, कण्ठ सुरिलो भएको र वेदगान गर्दा अनुकूल कार्य कुशल एवं बुद्धिमत्तापूर्वक वेदगान गर्थे । त्यस्तो व्यक्तिमात्र वेदगानको अधिकारी मानिन्थ्यो र वेदगानको मौखिक शिक्षा त्यस्तो व्यक्तिलाई मात्र दिइन्थ्यो । वेदमा संगीतको  ईश्वरको उपासना गरिन्थ्यो । त्यसैले संगीत प्रत्यक्ष रूपमा वेदसँग जोडिएको छ । वैदिक वाङ्मयमा संगीतको तीनै विद्याको गीतं, वाद्यं एवं नृत्यको पर्याप्त मात्रामा उल्लेख गरिएको छ । संस्कृतका ग्रन्थमा संगीतका लागि "गान्धर्व" शब्दको प्रयोग गरिएको छ । यही गान्धर्व शब्द वैदिक साहित्यमा संगीतको लागि प्रयोग हुन्थ्यो । पछि पौराणिक साहित्यमा संगीतको व्यावसाय गर्ने एक जातिविशेष चुनियो । यही जातिले गान्धर्व वेदको रक्षा गऱ्यो । यही जातिको नाम "गान्धर्व" अथवा "गन्धर्व" हुन गयो ।"

"वैदिक कालीन परम्परामा संगीतको दुवै रूप अर्थात् लौकिक र शास्त्रीय प्रचलित थिए । लौकिक संगीतको स्वरूप धेरै जसो सामाजिक तथा पारिवारिक कार्य क्रममा देखा परेका थिए । लौकिक संगीतको परम्परा सामान्य जनमानस सँग सम्बन्धित भएकोले लोक कार्यक्रमा प्रचलित भई त्यसको शिक्षण विशेष रूपले थिएन र त्यसबेलाको संगीत संकलन तत्कालीन साहित्यमा कम मात्रामा थियो ।" (शर्मा, २००७, पृ. ७६)

"शास्त्रीय संगीतको साङगीतको परमपरा प्रबुद्ध ऋषिजनको मस्तिष्कबाट उपजेको हुनाले तद्युगीन धार्मिक कार्यक्रम- यज्ञ आदिमा धेरै विकसित भएर त्यसको साहित्य स्वरूप आज

हामीलाई प्राप्त हुन्छ । वैदिक कालमा शिक्षाको स्वरूप आदर्श थियो । जुन आचार्य र शिष्यको बिचमा सुमधुर सम्बन्धमा आधारित थियो । "तैत्तिरीय उपनिषदमा दुवैको एक साथ कल्याणको कामना गरिएको छ । वैदिक कालमा शास्त्रीय संगीतको विकास याज्ञिक पृष्ठभूमिमा धेरै भएको थियो ।" (शर्मा, २००७, पृ. ३०) ।

## वैदिक युगमा तन्त्रवाद्यको परम्परा :-

वैदिक काललाई सवभन्दा प्राचीन नियमित तथा सुसम्बद्ध संगीतको काल मानिएको छ । यस युगको संगीतको निर्धारण वेदबाट नै मानिएको छ । त्यस्तो त संगीतको सम्बन्ध सामवेदसँग छ, तर संगीत विषयक सामग्री ऋग्वेदमा पनि प्राप्त हुन्छ । ऋग्वेदमा प्राप्त संगीत समाग्रीबाट ज्ञात हुन्छ कि पुरातन कालमै संगीत सम्बन्धित धेरै उपलब्धि भई सकेको र तन्त्रवाद्यको निर्माण पनि भई सकेको थियो । वैदिक कालबाट नै संगीतमा तन्त्रवाद्यको महत्त्वपूर्ण स्थान थियो । गायन विधाको साथ साथै वादनलाई पनि संगीतको आवश्यक अंग मानिएका छ । संगीतको कुनै पनि पक्षको व्यापक अध्ययन वैदिक संगीतको विनापूर्ण हुँदैन थियो । वैदिक कालमा तन्त्रीयुक्त वाद्यको सामान्य नाम "वाण" थियो । त्यही वाण शब्दको रूपान्तरण सम्भवतः वीणामा भएको तथा वीणा शब्द समान्यतः तन्त्रीवाद्यको लागि प्रयोग हुन्थ्यो । तन्त्रीको व्याख्या र तन्त्र वाद्यको बनावट अथवा आकारको आधारमा धेरै प्रकारको वाद्य वैदिककालमा विकसित भएका थिए । जसमा शत तन्त्रीवीणा, काण्डवीणा, पिग्छोला, कर्कटिका, अलाबु, वक्रीजस्तो तन्त्रीवाद्य प्रमुख थिए । (पराँजपे, १९९४,पृ. १३५) ।

वैदिक कालमा राजाहरूको दरवारमा मनोरञ्जनका लागि सांगीतिक कार्यक्रम हुन्थ्यो । जसमा तन्त्रीवाद्य विशेषरूपले वीणा वादनको प्रचलन थियो । सबै वीणाहरूको वादन विधि र तन्त्री संख्यामा अलिअलि अन्तर आवश्यक थियो तर वैदिककालमा तन्त्रीवाद्य आफ्नो उन्नत अवस्थामा थियो । वैदिककाल अथवा यसको पश्चात् पनि तन्त्रीवाद्यको विकासमा अथवा त्यसको महत्त्वमा कुनै पनि कमी भएन बरु तन्त्रीवाद्यको संख्यामा वृद्धि नै भएको छ ।

"वैदिक युगमा पिनारु नामको तन्त्र वाद्यको धेरै उल्लेख गरिएको पाइन्छ । यस वाद्यमा एउटामात्र तारको प्रयोग हुन्थ्यो । विद्वान्हरूको अनुसार यस वीणाको अविष्कार भगवान् शिवद्वारा भएको थियो । पिनाक शिवजीको धनुषको नाम थियो र शिवलाई पिनाकी पनि भनिन्छ । त्यसैले यस वाद्यको नाम पिनारु भएको थियो । वैदिककालिन तन्त्रीवाद्यको कलात्मकता र नादात्मक सौन्दर्य संगीतज्ञयहरूलाई धेरै आकर्षित गर्थिए । यसै युगको सप्ततन्त्री, नवतन्त्री, कपिर्शीषणी कुर्मा, वल्लकीजस्ता वीणाहरूको नाम तिनको भव्याकृति एवं कलात्मकताको अनुमान लगाउन सकिन्छ । प्राचीन तथा आधुनिक कालमा प्रचलित अधिकांस तन्त्रीवाद्यको विकास यिनै प्रचलित वाद्यको आधारमा भएको हो । मन्त्रको उच्चारण गर्दा वीणाजस्ता वाद्यको सहयोग लिएर मन्त्र गाउने बजाउने चलन थियो । (जोशी, १९७८, पृ. ८२) ।

 

गीतं, वाद्यं तथा नृत्यं त्रयं संगीत मुच्यते "संगीत रत्नाकारको यस श्लोकको अनुसार यो सिद्ध हुन्छ कि संगीतको दोस्रो घटक 'वाद्य' हो । यसअन्तर्गत वाद्यको निर्माण वादन विधि, एवं वाद्यको प्रकार आदिको विवेचना हुन्छ । वैदिककालमा कुनकुन वाद्य प्रचलिन थिए । तिनको निर्माण विधि के थियो । तिनीहरूको विभाजन कसरी गरिएको थियो ? जब यी बुँदाहरूमा विचार गरिन्छ, तब हामीलाई ज्ञात हुन्छ कि "पंचविंश ब्राम्हणमा यो कुरा स्पस्ट गरिएको छ, कि वाणी देवताहरूसँग थियो, देवताबाट वाणी वनस्पतिमा (बोटविरुवा) समाहित भयो । वनस्पतिले त्यस वाणीलाई चार भागमा विभाजित गर्यौ । जसमा दुन्दुभि, वीणा, भेरी र वेणु त्यसले वनस्पतिको ध्वनि काष्ठ निर्मित वाद्यमा छ, जुन उच्च तथा मधुर हो । यसमा वाद्यको चार प्रकारको रूप पनि देखा पर्छ भने त्यही वाद्यको दैविक रूपको पनि ज्ञान हुन्छ ।

वीणा यस युगको प्रमुख वाद्य थियो । यसको अनेकौं सन्दर्भ वैदिक साहित्यमा प्राप्त हुन्छ । सम्भवतः वीणा यस कालको लोकप्रिय एवं सर्वाधिक प्रचलित वाद्यमध्ये एउटा थियो । "वीणाको सामान्य उल्लेख ऐतरेय आरण्यक" ग्रन्थमा भनिएको छ कि जसरी दैवी वीणा (देव–कृत मनुष्यको शरीर) शिर, उदर, जिह्वा, औंला, स्वर, स्पर्श शब्दादिबाट युक्त हुन्छ त्यसरी नै मनुषी र (मनुष्यकृत) वीणा पनि त्यही अंगमा आधारित हुन्छ । अर्थात् यो पनि शिर, दण्ड, स्वर, तन्त्री शब्दबाट युक्त हुन्छ । (शर्मा, २००७, पृ. ६५) ।

वैदिक कालमा वीणाको धेरै प्रकार थिए जसमध्ये वाण, कर्करी, कांडवीणा, गोधा आदि हुन् । यस युगमा वाण नामक वीणाको धेरै प्रचार थियो । यस वाद्यको ध्वनि गम्भीर थियो । 'वाण' वीणाको वादन सप्त स्वरमा हुन्थ्यो, जुन मन्द्र, मध्य तथा तारमा हुन्थ्यो । वाणको वादन सम्भवतः आजको सन्तुर वाद्यको जस्तै काठको शारगंवाद्य (लहुरोबाट) गरिन्थ्यो । यज्ञको अवसरमा यसको वादन गायनसँगै अथवा स्वतन्त्ररूपमा पनि हुन्थ्यो । (शर्मा, २००७, पृ. ६६) ।

वैदिककालमा वीणा वादन अत्यन्त महत्त्वपूर्ण थियो तथा याज्ञिक कर्मकाण्डमा विभिन्न प्रकारको वीणा वादन हुन्थ्यो । जुन गाथा, गानसँग वीणा वादन गरिन्थ्यो । जसलाई ब्राह्मण र क्षत्रिय गायकहरू गाउने गर्दथे । यी गायकहरूले वीणासँग गान गर्ने हुनाले यिनीहरूलाई "वीणा गाथिन तथा वीणागणगिन"को संज्ञा दिएको थियो । याज्ञवल्क्यशिक्षामा वीणा वादनको ज्ञान हुने मान्छेलाई मोक्षको प्राप्ति हुन्थ्यो । वैदिक युगमा संगीत शिक्षा प्रशासनको अधिन नभएर स्वतन्त्र आचार्य कुलको अधीन थियो ।

## ऋग्वेदमा संगीत :–

ऋग्वेदमा संगीतलाई महत्त्वपूर्ण स्थान प्राप्त छ । ऋग्वेद वैदिक संगीतको प्राचीनतम स्रोत हो । साथै अन्य वेदको मूल आधार पनि हो । यसमा गीत, वाद्य र नृत्य तीनै कालको पर्याप्त प्रचलन दृष्टि गोचार हुन्छ । ऋग्वेदमा गीतको लागि गीर, गातु, गाथा, गायत्र, गीति अथवा साम शब्दको प्रयोग हुन्थ्यो । ऋग्वेदमा ऋचाको गानलाई स्तोत्र भनिन्थ्यो । वेद मानवसमाजको त्यो

 ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

अभिव्याक्ति हो जसले प्राकृतिक वा सामजिक तत्त्वबाट उत्पन्न हुने हर्ष, विषाद विश्मय आदिको प्राकृतिक रूप उपस्थित गर्छ । ऋग्वेदमै लालित्यपूर्ण छन्दशास्त्रको निर्माण भई सकेको थियो । यो वेद हिन्दूधर्मको सवैभन्दा पुरानो हो । जसमा वैदिक कालीन ऋषिहरूद्वारा रचित मन्त्र, ऋचाहरू (श्लोक) समावेश छन् । यी ऋचाहरूलाई एक विशेषलय स्वर र छन्दको  गाइन्थे । यही कारणले ऋग्वेदमा संगीतको प्राचीन अस्तित्त्व देखिन्छ । (रेग्मी, २०८०, पृ. १७) ।

ऋग्वेदकालमा गीत, वाद्य तथा नृत्य यी तीनैकलाका पर्याप्त विकास भइसकेका थियो ऋग्वेदको ऋचा स्वरावलिमा निबद्ध स्तोत्र भनिन्छ । विनियोग भिन्नताका अनुसार ऋचालाई विविध नामबाट पुकारिन्छ १. शास्त्र, २. स्तोत्र । यसमा स्तुति मन्त्रको पठन गर्नलाई शास्त्र भनिन्छ । भने यो परिभाषिक संज्ञा हो । यसै अर्न्तगत द्विविध मन्त्रको अन्तर्भाव हुन्छ । १.पुरोनुवा(क्य यस अर्न्तगत अभिष्ट देवीदेवताको आह्वान गरिन्छ । २. 'याज्या' यसको पठन यज्ञवेदीमा आहुति दिने बेलामा प्रयोग गरिन्छ । ऋचाहरूको यी दुई प्रकार ऋग्वेदमा संग्रहित छन् । ऋग्वेदमा सामको आविष्कर्ता आचार्यहरूमध्ये अंगिरस, भरद्वाज तथा वशिष्ट ऋषिको नाम प्रमुख रूपले उल्लेखनिय छ । अंगिरस ऋषिकोद्वारा स्त्रोत गाउने उल्लेख पनि पाइन्छ जस्तै –देव अंगिरस सामभिः स्तुयमानः सामको गान केही विशिष्ट छन्दद्वारा गरिन्थ्यो । त्यही प्रसंगको  यी छन्द नाम सामद्वारा प्रसिद्ध हुन्थ्यो । गायत्र र शाक्वर साम यसैअर्न्तगत आउँछन् । ऋग्वेदमा यथा वेरूप, रैक्त, अर्क, भद्र इत्यादि सामको गायन यज्ञादि धार्मिक कार्यका अतिरिक्त लौकिक प्रसंगमा पनि हुन्थ्यो । भारुणड नामक सामको गान पितृकर्मको लागि हुन्थ्यो । त्यही ऋग्वेदको यमसूक्तमा अन्त्योष्टिको बेलामा पनि सामको गायन गर्ने विधान थियो । यसबाट स्पष्ट हुन्छ कि वैदिक आर्यहरूको स्पष्टधारणा थियो कि अन्त्यष्टिको समयमा गर्ने सामगान मृत्त्वयक्तिलाई यम, धाम, सम्मा ( सुलभ रूपमा पुऱ्याउन सक्छ । (परांजपे, २०१५,पृ. २२) ।

ऋग्वेदमा गायनको साथ वादनको परम्परा निरन्तर चलिरहेको थियो । ऋग्वेदमा प्रमुख रूपले निम्न वाद्य प्रचलित थिए जसमा दुन्दुभि, वाण, वेणु, कर्करी, गर्गर, गोधा, पिंग तथा आघाटि । दुन्दुभिको धीर गम्भीर ध्वनिको उल्लेख ऋग्वेदमा धेरैपटक गरिएको पाइन्छ । तत्त्वाद्यअर्न्तगत कर्करी, गर्गर र क्षेणी आदि वाद्यको उल्लेख ऋग्वेदमा हुन्छ ।  ऋग्वेदको एतरेयआरण्यकमा दैवी तथा मानुषी वीणाको सुन्दर उल्लेख हुन्छ । दैवी वाणी अर्थात् शरीरी वीणाको शिर, उदार, जिहाँ, तन्त्रियाँ, स्वर, स्पर्श शब्द तथा चर्म आदि अंग हुन्छन् । त्यसैले मानवनिर्मित काष्ठमयी वीणा हो, वीणाको शिरको अभिप्राय तुम्बाट हो । काष्ठको खोह अर्थात् उदर जस्मा ध्वनिको गुजँ उत्पन्न हुन्छ । वीणाको जिह्वा जसमा बादन क्रिया हुन्छ यस प्रकार वीणाबाट उत्पन्न हुने स्वर त्यसको वाणी हो । शारीरीवीणा अर्थात् कण्ठको ध्वनि ध्वन्युत्पार्दक स्थानको स्पर्शबाट ध्वनिको निष्पादन हुन्छ । शारीरी वीणाको निर्माण जसरी धमनि (नशा)बाट भएको हो, त्यस्तै दारवी वीणा पनि अनेक तन्त्रीबाट निर्मित भएको हो । मान्छेको देहलाई आच्छादित (टाकेको छाला) चर्मको भाँती

यो वीणालाई पनि चर्मबाट ढाकेको हुन्छ । ऋग्वेदको साक्ष्यबाट यो स्पष्ट हुन्छ कि बैलको (गोरुको छाला) छाला पकाउने कला तथा त्यसबाट विविध उपकरण बनाउने कला ऋग्वेदबाट प्रारम्भ भएको थियो । यस कालबाट नै यो प्रबल अनुमान गर्न सकिन्छ कि वीणा तथा अवनद्ध वाद्यको लागि उपयोगी चर्म तथा तन्त्रिहरू बनाउने कला यस समयमा प्रचलित भईसकेको थियो (शर्मा, २००७, पृ. ६७) ।

ऋग्वेदमा गीत वाद्यको साथ नृत्यकलाको अस्तित्त्व धेरै प्रचलित थियो । नृत्यकला खुल्ला प्रांगणमा उन्मुक्त वातावरणमा एकत्रित जनताको सम्मुख प्रसारित हुन्थ्यो । नृत्यकलामा पुरुष तथा स्त्री दुबै जना भाग लिन्थे । ऋग्वेदमा सामूहिक नृत्यको पनि उल्लेख पाइन्छ । सामुहिक नृत्यमा कमसे कम तीन र धेरैभन्दा धेरै ६ वटा नर्तकीहरू भाग लिन्थे । प्रत्येक नर्तकीको टाउकोमा जलले भरिएको गाग्री हुन्थ्यो । बाँया र दाँयातर्फ वर्तुलाकार गतिले नृत्यको पदक्षेप गीतको साथमा हुन्थ्यो । ऋग्वेद कालमा सामान्य जीवन संगीतमय थियो । बिहान र बेलुका संगी( तबाट आनन्दित हुन्थे । सामाजिक उत्सव, चाडपर्व इत्यादिमा नृत्यको प्रयोग मनोविनोदका लागि हुन्थ्यो । समाजमा गायक, वादक एवं नर्तकीहरूलाई उच्च स्थान प्राप्त थियो । स्त्रीहरू संगीतको सार्वजानिक आयोजनमा खुलेर भाग लिन्थे । नृत्यको साथमा वाद्य यन्त्रको प्रयोग हुन्थ्यो । ऋग्वेद का( लमा नृत्यकलाको सम्बन्धमा ऋग्वेदीय सभ्यताको संगीतिक मेला जसलाई 'समन' भनिन्थ्यो, विशेष रूपले उल्लेखनीय थियो । ऋग्वेद वैदिक संगीतको प्राचीनतम स्तोत्रका साथ अन्य वेदको मूल पनि हो । ऋग्वेदबाट नै सर्वप्रथम संगीत विषयक सामग्री हामीलाई प्राप्त भएको थियो । ऋग्वेदमा सांगीतिक स्वर उदात्त, अनुदात्त र स्वरित यी तीन प्रकारको स्वरहरूको वर्ण प्राप्त हुन्छ । ऋग्वेदकालमा तत, अवनद्ध सुषिर र घनवाद्यको वर्णन प्राप्त हुन्छ । यसबाट हामी यो अनुमान लगाउन सक्छौ कि ऋग्वेदको समयमा नै तत, अवनद्धजस्ता वाद्यमा चर्म तथा तन्त्रीहरू बनाउने कालको विकास भइसकेको थियो । (टाक,२००७,पृ. ९६) ।

ऋग्वेद केवल धार्मिक ग्रन्थमात्र होइन यो भारतीय संगीतको मूल स्रोत हो । यसका मन्त्रहरू उच्चारण गर्दा स्वर लय र छन्दमा आधारित हुन्छन । यसले स्पष्ट हुन्छ कि संगीत वैदिक जीवनको अभिन्न अंग थियो । ऋग्वेद सामवेदको संगीतिक विकासको आधार हो, सामवेदमा संगीत स्पष्ट रूपमा विकसित भएको देखिन्छ तर यसको मूल जरा ऋग्वेदमा पाइन्छ ।

## सामवेदको स्वरूप :-

सामवेद पूर्वीय दर्शनमध्ये एउटा महत्त्वपूर्ण वेद हो, जुन विशेषरूपमा संगीतसँग सम्बन्धित छ । सामवेदका मन्त्रहरूलाई उच्चारण गर्दा विशेष ध्वनि र लयात्मकता कायम राख्नुपर्छ । सामवेदले धार्मिक र साँस्कृतिक परम्परामा एउटा महत्त्वपूर्ण स्थान राख्दछ । सामवेद चार वेदमध्ये एक हो । यसको स्वरूप विशेष गरेर गीत, संगीत र सामवेदमा अर्थात् मन्त्रहरूमा केन्द्रित छ । सामवेद वेदहरूको गायन विधि र धार्मिक अनुष्ठान (सामगान) सँग सम्बन्धित छ,

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

जुन यज्ञ र पूजाको अवसरमा गाउने बजाउने चलन थियो । यो वेद संगीत र भक्तिसँग सम्बन्धित छ । जसका ऋचाहरूलाई ध्वनि र लयमा प्रस्तुत गर्नुपर्छ । हिन्दूसंस्कृतिको मूल जरो वेद भएझैँ संगीतको मूल आधार पनि सामवेदनै हो । "चार वेदमध्ये सामवेदलाई संगीत कलामा मुख्य मानिएको छ । ऋग्वेदमा एक स्वर गानबाट प्रारम्भ भएको संगीत सामवेदमा तीन स्वर गान र संगीत शिक्षामा आएर सात स्वर गान पूरा भएको छ ।" (दर्नाल, २०५८, पृ. ७१,) ।

सामवेदका मन्त्रहरूलाई गाउने क्रममा संगीत र लय र ध्वनिको संयोजनमा विशेष ध्यान दिइन्थ्यो । सामवेदको सबैभन्दा प्रमुख पक्ष यसको गायन विधि हो । जसमा मन्त्रहरूलाई निश्चित लयमा गाइन्छ । यी मन्त्रहरूलाई यज्ञ र पूजामा सुनाउँदा विशिष्ट आध्यात्मिक ऊर्जा उत्पन्न हुन्छ । वैदिक यज्ञमा सामवेदको मन्त्र गाउने व्यक्तिलाई 'उदगाता' भन्ने गरिन्छ जसले मन्त्रहरूलाई लयबद्ध तरिकाले प्रस्तुत गर्छ । उगाता मन्त्रहरूको सही उच्चारण र लयमा ध्यान दिनु आवश्यक हुन्छ, जसले यज्ञलाई सफल बनाउने गर्छ । सामवेदका मन्त्रहरूमा इन्द्र, अग्नि र सोम देवताको स्तुति गरिन्छ । सामवेदका मन्त्रहरूलाई विशेष संगीतात्मक लयमा गाइन्छ, जसलाई 'सामगान' भनिन्छ । सामवेदलाई प्रमुखरूपले दुई भागमा विभाजन गरिएको छ । (देवी, १९९७, पृ.७) ।

**१. पुरवाचिका**

**२. उत्तराचिका**

### १. पुरवाचिका :-

यज्ञको प्रारम्भमा धर्ममा संगीत र ध्वनिको महत्त्वलाई दर्शाएको छ । जसले केवल धार्मिक क्रियाकलापमा मात्र नभई मानिसको मानसिक र आध्यात्मिक शान्तिमा पनि सकारात्मक प्रभाव पार्छ ।

### २. उत्तराचिका :-

सामवेदको एउटा प्रमुख भाग हो जसमा यज्ञको अन्तमा गाइने मन्त्रहरू समावेश छन् । यस भागले यज्ञको समापनलाई पवित्र बनाउँछ र अनुष्ठान सफलतापूर्वक सम्पन्न भएको जनाउँछ । उत्तराचिका धार्मिक दृष्टिकोणबाट पूजा अर्चना विधिपूर्वक देवी, देवताको सम्पर्क र यज्ञको सम्पूर्ण विधि हो । उत्तराचिका गाउने ऋषि (विद्वान्) जसलाई 'उदगाता' भनिन्छ । तिनीहरूले मन्त्रहरूको सही उच्चारण र लयबद्धताको साथमा पूर्णता र सफलताका साथ गाउँछन् (देवी, १९७८, पृ. १०) ।

## सामवेदमा संगीत :–

सामवेदको वेदचतुष्टयीमा संगीतको विशिष्ट स्थान छ । सामवेद यस्तो ग्रन्थ हो जुन शास्त्रीय संगीत-सरिताको अनादि स्त्रोतको दृष्य स्वरूप हाम्रो अगाडि प्रस्तुत छ । श्रीमद्‌भगवद् गीतामा सामवेदलाई ईश्वरको अंश मानिएको छ । भगवत गीताका अनुसार समस्त सामगीतमा बृहत्सामको दिव्यस्थान छ भने छन्दमा गायत्रीमन्त्रको महिमा छ । संगीतले सामवेदमा संगीतको चर्चा गर्दा संगीतका दुईवटारूप देखा पर्छन् । पहिलो हो स्तुती परक साहित्य जसमा इन्द्र, अग्नि आदि देवताहरूको स्तुती गर्ने मन्त्रहरू थिए, जसलाई सामगान भनियो र त्यसका मन्त्रलाई संकलन गरी सामवेदमा राखियो । अर्को सामान्य जनमानसमा प्रचलित आमसाहित्य जुन विभिन्न सामाजिक अवसरमा सबैको मनोरञ्जन अथवा कहिलेकाहीँ स्वयं आफ्नो मनोरञ्जनका लागि स्वेचछापूर्वक गर्ने गानलाई लौकिक गानको संज्ञा दिएको थियो । 'यास्क' ऋषिले साहित्यको रूपमा वेदका लागि 'अन्वध्याय' तथा लौकिक भाषाको लागि 'भाषा' शब्दको प्रयोग गरेका थिए । त्यस्तै पतञ्जलि ऋषिले पनि दुई प्रकारका शब्द प्रयोग गरेका थिए जसरी ऋचाहरूको गानलाई 'सामगान' भनियो भने ऋचाहरूको अतिरिक्त गर्ने गानलाई सामेतरको संज्ञा दिएका थिए । (शर्मा, २००७, पृ. ७०) ।

साम शब्दको मूल अर्थ गान हो अर्थात् गेय वस्तु ऋचाहरूसँग सम्बन्धित भएको कारणले साम शब्दको प्रयोग गरेको छ । सामगान ऋचाहरूको आश्रयद्वारा गरिन्छ । गीतगानको लागि सदैव साहित्यको आवश्यक्ता पर्दछ । काव्य तथा संगीतको समन्वयले गेयतत्त्वको निर्माण हुन्छ । यही गेय ऋचाहरूको संग्रहलाई सामवेदको संज्ञा दिएको छ । (रावल, २०६८, पृ. ७८) ।

वैदिक साहित्य तथा अन्य स्थानमा पनि ऋक्मा विभिन्न सामहरूको प्रयोग गरेको उल्लेख पाइन्छ । त्यसैले धेरै ठाउँमा ऋक् विविधतालाई प्रष्ट पारिएको छ । सामको स्वरस्वरूप जुन स्वतन्त्ररूपमा संकलित भएका छन् । त्यसको लागि गानसहिंता अर्थात् गानग्रन्थ पनि भनिएको छ । यसैलाई अर्को शब्दमा सामसंहिता पनि भनिन्छ । वैदिकालिन उदात्त, अनुदात्त, स्वरित कम्पित दीप्त आदि ध्वनि यसैका उत्तार चढावका संकेत हुन । सम्भाषण तथा गान दुवैको भावाभिव्यक्तिमा उच्चत्त्व एवं नीचत्त्व आवश्यक हुन्छन् । त्यसैले यसको निश्चित अवधान ग्रहण गर्दा संगीतोपयोगी स्वर बन्न जान्छन् यसको प्रयोग गान कहलाउँछ ।

संगीतका स्वरहरूको अनुरणमय रक्ति प्रधानत्त्वलाई छोडेर उच्च उदात्त नीच एवं मध्यम स्वर स्थानको स्पर्शत्त्व नै संवादको लागि उपयोगी हुन्छन् । यदि श्लोकहरूको पाठमा पनि स्वर गत रंजन अवलम्बित गर्छौं भने त्यो पनि श्लोक पाठमात्र नभएर गान बन्न जान्छ । भनाईको अर्थ यो छ कि ध्वनिको उतारचढाव सामान्य बोलचालबाट भावमा जुन अभिव्यतित आउँछ । त्यही नियमित अवधान भएर संगीतको स्थान लिन्छ । (मिश्र, २०१९,पृ. २०,२१) ।

सामवेदमा संगीत विशेषरूपमा महत्त्वपूर्ण छ किनकि यसलाई संगीतको वेद पनि भनिन्छ ।

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

यज्ञ, हवन, पूजा र धार्मिक अनुष्ठानहरूमा गाइने मन्त्रहरूको संग्रह यसमा पाइन्छन् । सामवेदलाई प्राचीन वैदिक संगीतको आधार मानिन्छ । सामवेदका मन्त्रहरू गाउँदा तीन प्रमुख स्वरहरूको प्रयोग गरिन्थ्यो, उदात्त (उच्चस्वर), अनुदात्त (तल्लोस्वर) र स्वरित (मध्यमस्वर) यी स्वरहरूको तालमा गान गर्दा मन्त्रहरू लयवद्ध हुन्छन् । जसले विशेष धार्मिक ऊर्जा उत्पन्न हुन्छ । सामवेदमा गाइने मन्त्रलाई 'साम' भनिन्छ । तिनिहरूलाई विशेष गरी यज्ञको समयमा संगीतमयरूपमा प्रस्तुत गरिन्छ । ऋग्वेदका धेरै मन्त्रहरूलाई सामवेदका लागि लयबद्ध गरिएको थियो । सामवेदको संगीत वैदिक परम्पराको एक महत्त्वपूर्ण हिस्सा हो र यसले मन्त्रहरूलाई संगीतमय ध्वनिमा परिणत गरी देवताहरूसँग जोडने माध्यमको रूपमा काम गर्छ । (टाक, २००७, पृ.८७) ।

### सामवेदको स्वरांकनपद्धति :–

सामवेदको सांगीतिक दृष्टीले एउटा महत्त्वपूर्ण स्थान छ, एक स्वस्थ संस्कृतिको निर्माण सांस्कृतिक मूल्यमान्यताको अभिव्यक्ति ऋषि र प्रजाद्वारा वाणीको तीन विधाबाट प्रकट भए । यी तीन विधा हुन "गद्यं, पद्यं तथा गानात्मक, छन्द मुक्त रचनालाई गद्य भनिन्छ, छन्दमा बाँधिएको रचनालाई पद्य तथा छन्दो बद्ध रचनालाई जब विशेषरूपमा लयात्मकता प्रदान हुन्छ त्यसलाई गीत्यात्मक रचना भनिन्छ ।" (चौबे, १९७५,पृ.१४) ।

यी तीनका अतिरिक्त वाणीद्वारा अभिव्यक्त गर्ने कुनै विधा छैन । यी तीन प्रकारको अभिव्यक्तिलाई ऋक्, यजु र साम भनिन्छ । यी वैदिक भाषाको आधार थिए, प्रत्येक भाषा र साहित्यको आफ्नो उच्चारण गर्ने तरिका हुन्छन् । त्यसको उच्चारणमा प्रमुख दुई तत्त्व हुन्छन् पहिलो अर्थबोधसँग सम्बन्धित हुन्छ । दोस्रो त्यसको उच्चारणसँग, वस्तुतः शब्द अर्थको प्रतिक हुन्छ । त्यसको अभिव्याक्ति उच्चारणको विशिष्टतामा निर्भर गर्छ । यसकारण एउटै शब्द भिन्न स्वरमा उच्चारित भएर त्यसको अर्थमा भिन्नता हुन्छ । त्यसैले धेरै विविधताको कारणले वक्ता र स्रोता दुबैलाई त्यसको प्रयोगमा असुविधा नहोस् भनि यिनको उच्चारण र प्रकारलाई नियमित गर्ने प्रयत्न गरिएको छ ।

वैदिक भाषामा उदात्त, अनुदात्त र स्वरितको रूपमा त्यही उच्चारणको प्रकारलाई नियमित गर्ने प्रयत्न गरिएको छ । वैदिक भाषाको एउटा विशेषता यो थियो कि उदात्त, अनुदात्त र स्वरित आदि स्वरको प्रयोग जहाँ शब्दको अर्थमा निर्धारित भएको थियो । त्यही यिनीहरूमा गेयता पनि समाहित थियो । त्यसैले वैदिक भाषामा बलाघात र स्वराघात दुई शब्दको प्रयोग भयो । यी दुबैको अर्थसँग सम्बन्ध नभएर त्यसको गानसँग सम्बन्ध हुन गयो । वैदिक ऋचाहरूको गानमा उतार चढावको नियमलाई कडाईका साथ पालना गरिन्थ्यो । विस्तारै विस्तारै उदात्त, अनुदात्त र स्वरित स्वर बलाघातको स्वरबाट छुटेर स्वरघातको स्वर क्रुष्ट प्रथम आदि सामवेदको सात स्वको रूपमा प्रचलित हुन गए । संगीत सृजनाको क्रममा लिखितभन्दा अलिखित श्रुति परम्परालाई बढी महत्त्व दिएको थियो । यस कुराको पुष्टि वैदिक साहित्य र लौकिक साहित्य भन्ने भेदले गर्दछन् ।

प्राचीन गीत संगीत परम्पराको आरम्भ पूर्वमा ऋग्वेदबाट भएको मानिन्छ, यसमा स्तुतिपरक एवं प्रार्थनापरक मन्त्रहरू संकलित छन् । (रावल, २०६८, पृ. ७९) ।

सामवेद स्तुतिपरक गीतहरूको स्तोत्र हो, वेदको वाचन छन्द, अक्षर, गणनाअनुसार गरिन्छ । वैदिक शास्त्रमा, छन्द शास्त्रमा अक्षर शब्दलाई व्यञ्जनसहित दुवै स्वर मानिन्छ । वेदपाठ गर्दा आरोह, अवरोह आदि वर्णको आधारमा हातद्वारा अभिनय गर्ने कार्य गरिन्छ । सामवेदमा स्वरांकनको जुन तरिका अपनाएको छ त्यो ऋग्वेदको मन्त्रहरूलाई शुद्ध संगीतमय लयमा प्रस्तुत गर्ने एउटा विशेष विधि हो । यसलाई गाउनको लागि वैदिक ब्राह्मण र सामवेदको अध्येताहरूलाई स्वर विज्ञानमा पारंगत हुन आवश्यक हुन्थ्यो ।

**सामवेदको दुई प्रकारका सहिंताहरू छन्**

**१. आर्चिकसंहिता**

**२. गानसंहिता**

आर्चिकसंहितामा सामगानको ऋचाहरू सङ्कलन पूर्वाचिक र उत्तरार्चिकको रूपमा गरिएको छ । स्वरांकनपद्धतिमा उदात्त, अनुदात्त र स्वरित स्वर हुन् । गानसहिंतामा चार प्रकारको गानको संग्रह छ जुन अर्चिक संहितामा आधारित रहेको छ । (शर्मा, २००७, पृ. ५४) ।

सामवेदको आर्चिकसंहितामा त्रैस्वर्यपद्धतिको प्रचलन थियो । सामवेदको ऋचाहरू ऋग्वेदको ऋचाहरूभन्दा भिन्न थिएन । त्यसैले ऋग्वेदको स्वर सामान्य रूपमा सामको आर्चिक संहितामा जस्ताको तस्तै स्वीकारेका छन् । सामवेदको मन्त्रमा स्वरहरूको चिह्न हुन्छ, जुन यो दर्शाउँछ कि मन्त्रको कुन शब्दलाई कुन तरिकाले उच्चारण गरिन्छ । सामगानमा सम्पूर्ण स्वर सप्तकको उपयोग गरिएको छ तथापि यसको मूलमा उदात्तादि तीन स्वर भएको प्रमाण पनि पाइन्छ । उदात्तादि स्वर प्रत्येक वर्णको कुनै–कुनै उच्चारणमा प्रयोग हुन्छ । नारदीयशिक्षाका अनुसार उदात्तादि वैस्वर्य स्वर प्रधान छ । उदात्तको सम्बन्ध उच्चश्रुतिक स्वर अर्थात् तार सप्तकसँग सम्बन्धित छ । उदाहरणका लागि भरतकृत नाट्यशास्त्रमा उच्च, निचताको तीन रूप मानेका हुन् । जुन मन्द्र, मध्य र तार हुन् । वैदिककालमा स्वरको प्रयोग मुख्यतः अ, इ, उ आदि वर्णको प्रयोग गरिन्थ्यो । पाणिनीयशिक्षा, नारदियशिक्षा तथा याज्ञवल्क्यशिक्षामा **उदात्ते निषाद गांधारौ अनुदात्त ऋषभ धैवतो । स्वरित प्रभवा ध्येते षडज मध्यम पंचमाः ॥** अर्थात् उदात्तमा नि, ग अनुदात्तमा रे, घ र स्वरितमा ‘सा, म, प’ यसप्रकार सांत स्वर वर्गीकरण गरिएको छ । (परांजपे, १९९४, पृ. ८३) ।

सामवेदको अनुसार साममा ऋग्वेदकै समान उदात्त, अनुदात्त र स्वरित तीन स्वर नै प्रयोगमा हुन्थ्यो । साम संगीतको विकासका साथै सप्त स्वर कुष्ट प्रथम, द्वितीय आदि स्वतन्त्र

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

स्वरहरू पनि देखापरे । वेदहरूको तुलनामा १,२,३ आदि संख्यात्मक प्रयोगमा सामवेदको विशेष महत्त्व थियो । सामगान गर्दा स्वरांकनको रूपमा १ देखि ७ अंकसम्म प्रयोग गरिन्थ्यो । यसको ७ अंग भने क्रुष्ट अर्थात् तार सप्तकका लागि प्रयोग हुन्छ । संगीत जगत्का प्रथम शास्त्रकार आचार्य भरत र शारंगदेवले  सामवेदका स्वरहरू नै शुद्धस्वर सप्तक हुन् भनि व्याख्या गरेको पाइन्छ । सामवेदको गायन आज पनि परम्परागतरूपमा चल्दै आइरहेको छ जसरी पूर्वकालमा चलेको थियो । (रावल, २०६८, पृ. ८२) ।

सामगानको अध्ययन–अध्यापनको लागि विभिन्न चिन्हको प्रयोग हुन्थ्यो सामगानको ग्रन्थहरूमा आज पनि स्वर चिन्ह प्राप्त हुन्छन् । जुन आज पनि व्यवहारमा ल्याइन्छ, स्वरको स्वरांकनबाट यी कुरा सिद्ध हुन्छ कि नोटेसनपद्धति आधुनिक कालमा मात्र नभएर वेदमा पनि यो पद्धति प्रचलित थियो । यसबाट यो ज्ञात हुन्छ कि सामगानको गायन गर्दा स्वरबाट धेरै लगाव हुन्थ्यो । यदि सुक्ष्म दृष्टिले हेर्‍यौ भने अवग्रह, सुतेको धर्को (–), ठाँडो (।) धर्कोजस्ता चिन्हको प्रयोग वर्तमान स्वर पद्धतिमा भइरहेको छ । अब हामी यी तीनवटाको बारेमा विस्तारमा र्चचा गर्नेछौँ ।

### १.उदात्त स्वर (उच्चस्वर)

उदात्त स्वरको शाब्दिक अर्थ हो ऊचो अथवा माथिको स्वर यो स्वर साधारणतः माथिको स्वरमा उच्चारित हुन्छ । वैदिक मन्त्रमा उदात्त स्वरको उपयोग त्यो ठाउँमा हुन्छ जुन ठाउँमा स्वरमा जोड दिने आवश्यकता हुन्छ । यो स्वर त्यस मन्त्रको भावलाई व्यक्त गर्छ । उदात्तस्वरलाई प्रमुख स्वर मानिन्छ र वैदिक मन्त्रमा यसको विशेष स्थान छ । उदात्तलाई स्पष्ट र तेज स्वरको रूपमा उच्चारित गरिन्थ्यो जसकारण मन्त्रको शक्ति र प्रभावमा वृद्धि हुन्थ्यो ।

### २. अनुदात्त स्वर (निम्न स्वर) :–

अनुदात्त स्वरलाई निम्न स्वर अथवा तलको स्वर भनिन्थ्यो । यसको शब्दलाई हल्का र तलको स्वरमा उच्चारित गरिन्थ्यो । यसको प्रयोग उदात्त स्वरको ठीक विपरित प्रयोग हुन्छ । अनुदात्त स्वरको प्रयोग वैदिक पाठमा सहायक स्वरको रूपमा हुन्छ । जुन उदात्त स्वरलाई सन्तुलित गर्ने काम गर्छ । अनुदात्तस्वरको प्रमुख कार्य उदात्त स्वरलाई स्पष्टरूपमा उभारनका लागि प्रयोग हुन्छ । यसको प्रयोगले मन्त्रको लयात्मकतामा एक प्रकारको गहिराई र गम्भीरता प्रकट हुन्छ ।

### ३. स्वरित स्वर (मध्य स्वर):–

स्वरित स्वरको प्रयोग उदात्त, अनुदात्तको बिचमा हुन्छ । यसलाई मध्यम स्वर अथवा मध्य स्वर पनि भनिन्छ । किनकि यस्को उच्चारण उच्च र निम्न (तल) स्वरको बिचमा हुन्छ, अर्थात् स्वरित स्वरको प्रमुख विशेषता यो छ कि स्वरित स्वरको प्रमुख विशेषता अनुदात्तबाट शुरु भएर उदात्तमा परिर्वतित हुन्छ । यो स्वरलाई वैदिक उच्चारणमा संयुक्त स्वरको रूपमा

मानिन्छ। जहाँ स्वर क्रमिकरूपमा बढ्ने र घट्ने काम गर्छ। स्वरित स्वरको उच्चारण गर्दा खेरी आवाज न त धेरै माथि हुन्छ न त धेरै तल हुन्छ बरु यसमा थोरैथोरै ध्वनिको गुन्ज भइराखेको हुन्छ । जसले मन्त्रलाई संगीतमय बनाउँछ । उदात्त, अनुदात्त र स्वरित स्वरको पद्धति वैदिक युगदेखि आजसम्म धार्मिक र आध्यात्मिक पथमा यसको धेरै महत्त्व रहेको छ, यी स्वरहरूको सही प्रयोग र शुद्ध उच्चारण न केवल वैदिक मन्त्रको सही अर्थलाई व्यक्त गर्नमा सहायक हुन्छ किनभने यो मनुष्यको मस्तिष्क र आत्मामा गहिरो प्रभाव छोड्छ । यी ती नै स्वराधात वैदिक मन्त्रको ध्वनि, लय रताललाई निर्धारित गर्छ। उदात्त, अनुदात्त र स्वरित स्वरको गहराईमा जाँदा यी स्वरहरूको ध्वन्यात्मक संरचना र वैदिक मन्त्रमा यसको महत्त्व धेरै स्पष्ट हुन्छ। यी स्वर न केवल धार्मिक अनुष्ठानमा प्रभावी छन् बरु ध्वनि विज्ञान, दर्शन र आध्यात्मिकताको दृष्टिकोणले पनि यसको धेरै महत्त्व छ। (चौबे, १९७५, पृ.२०)।

**सामगानको शास्त्रीय संगीतमा प्रभाव :–**

सामगान र शास्त्रीय संगीतबिचको सम्बन्ध शास्त्रीय संगीतको विकासका लागि अत्याधिक महत्त्वपूर्ण छ । सामवेदमा जुन मन्त्र गाउने विधि विकसित भयो त्यो शास्त्रीय संगीतको ध्वनि शास्त्र तथा राग प्रणालीको विकासमा सहयोगी सावित भयो । सामगान प्रमुखरूपमा सामवेदको मन्त्रलाई विशेष प्रकारको लय र ध्वनिको साथ प्रस्तुत गरिन्थ्यो । सामगानमा उदात्त, अनुदात्त र स्वरित तीन प्रकारको स्वर हुन्छन् । यो स्वर परम्परा शास्त्रीय संगीतको “सा, रे, ग, म, प, ध, नि” स्वरको उत्पतिको कारण हो सामगानको ध्वनि र स्वर विस्तार रागहरूको प्रारम्भिक स्वरूप हो, जुन अगाडी गएर शास्त्रीय संगीतको रूपमा विकसित भयो । सामवेदको मन्त्रहरूको एउटा निश्चित लय र तालबद्धता हुन्छ । जसको आधारमा गान गरिन्छ । यही नै शास्त्रीय संगीतको ताल प्रणालीको आधार स्तम्भ हो । सामगानमा यस प्रकारको लयबद्धता यज्ञ आदि अनुष्ठान गर्दा गायनको लागि आवश्यक मानिन्छ, यो परम्पराअगाडि गएर शास्त्रीय संगीतको ध्रुपद, ख्याल शैलीको अभिन्न अंङ्ग बन्यो । शास्त्रीय संगीतको विभिन्न राग, ताल र गायन शैलीको आधार सामगानमा हामी देख्न सक्छौ सामवेदको मन्त्र र सामगानको परम्परा शास्त्रीय संगीतको नीउ हो। स्वर, लय र तालको अस्तित्त्व जुन सामगानमा छ त्यही प्रणालीलाई शास्त्रीय संगीतमा पनि अपनाईएको देखिन्छ। (चन्द्र, १९९७, पृ. ७७)।

सामवेदको सामगानमा भारतीय संगीतको सबभन्दा प्राचीन र गहनपद्धतिमध्ये एक हो, जसको सीधा सम्बन्ध धार्मिक अनुष्ठान र ब्रह्माण्डीय ऊर्जासँग मानिएको छ । सामगानको वैदिक यज्ञंमा मन्त्रको गायन हुन्थ्यो जुन ध्वनिको शक्ती र लय विज्ञानमा समावेश थियो । सामगानलाई भारतीय संगीतको प्रारम्भिक गायनपद्धति मानिएको छ । यसको मन्त्रहरूलाई लय र संगीतात्मकताको साथ प्रस्तुत गरिन्थ्यो । सामवेदको सामगानमा लय र तालको गणना राम्रो थियो । ऋचा उच्चारण गर्दा ध्वनिको मात्रा, लम्बाई र लयलाई ध्यानमा राखेर गान

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

गरिन्थ्यो । सामगानको प्रमुख उद्देश्य मनको शुद्धीकरण र ब्रह्माण्डीय शक्तिहरूको साथमा आत्मिक एकतालाई स्थापित गर्नु हो । संगीत एउटा कलामात्र नभएर साधनाको एउटा साधन हो । यो विचार धारा शास्त्रीय संगीतमा देखा पर्छ जहाँ संगीत आत्मिक साधनको माध्यमको रूपमा मानिन्छ ।

**निष्कर्षः–**

सामवेदलाई शास्त्रीय संगीतको मूल स्रोत मानिन्छ । यसको मन्त्र र ऋचाहरूको गायन, वादन विशिष्ट स्वर र लयमा आधारित हुन्छ । जुन संगीतको विकासमा महत्त्वपूर्ण भूमिका बहन गर्छ । सामगानमा गायनको पद्धति उन्मेष पूर्ण स्वर अर्थात् उदात्त, अनुदात्त र स्वरित स्वर जुन विशिष्ट लयमा आधारित हुन्छन । यही स्वर र लय शास्त्रीय संगीतको आधारभूततत्त्वको रूपमा मानिन्छ । सामवेदमा निहीत स्वर विन्यास र तालबद्ध गायनशैलीको प्रभाव शास्त्रीय संगीतको विभिन्न स्वरूपजस्तै ध्रुपद, धमार, ख्याल आदिमा स्पष्टसँग हामी देख्न सक्छौं । सामवेदमा संगीतका स्वर साधना र शुद्धताको महत्त्वमा जोड दिएको देखिन्छ । यस वेदले स्वर विन्यास र गायनपद्धतिको आधारमा नै रागहरूको रचना गर्नमा ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । शास्त्रीय संगीत र सामवेदमा स्वर ताल पदको सामञ्जस्य अति नै महत्त्वपूर्ण मानिएको छ । जसको श्रवण गर्ने श्रोताहरूलाई आध्यात्मिक र मानसिक शान्ति प्राप्त हुन्छ । सामवेद र शास्त्रीय संगीतको मूल उद्देश्य नै मनको शुद्धिकरण र आध्यात्मिक उन्नतिलाई प्राप्त गर्नु हो ।

सामवेद शास्त्रीय संगीतको आधार शिला हो । जसको प्रभाव आज पनि हाम्रो संगीत परम्परामा देख्न सकिन्छ । सामवेदको मन्त्रहरूको उच्चारण र गायन एक अर्कासँग शास्त्रीयपद्धतिका साथ जोडिएको छ, जसले गुरुकुल परम्पराको शिक्षण र अभ्यास गराउन मदत पुऱ्याउने गर्दछ । सामवेदले संगीत विधाको अध्ययन र अनुष्ठानलाई पनि संरचितरूप दिइ शास्त्रीय संगीतमा गुरुशिष्य परम्परालाई विकसित रूप दिएको छ ।

सामवेदमा संगीत केवल मनोरञ्जनको साधनमात्र नभएर आत्मिक उन्नति र मोक्ष प्राप्तीको आधार बन्यो जुन ईश्वरसँग जोडिने सीधा माध्यम पनि हो । सामवेदले शास्त्रीय संगीतको जरालाई मजबुत गर्छ । यसले अध्यात्मिक, सांस्कृतिक र वैज्ञानिक दृष्टिकोणले पनि शास्त्रीय संगीतलाई समृद्ध बनाएको छ । सामवेदको स्वर र लयवद्धताले शास्त्रीय संगीतलाई एउटा अद्वितीय पहिचान प्रदान गरेको छ । जुन प्राचीन कालदेखि आधुनिक कालमा पनि प्रशंसनीय रहेको छ ।

**सन्दर्भ सामग्री**

१) चौबे बी.बी. १९७९, वैदिक स्वर बोध, श्रीराम वाचस्पति प्रकाशन वाराणसी ।

२) चक्रवती इन्द्राणी १९७९, स्वर और रागों के विकास में योगदान, चौखम्भा ओरियन्टालिया,

वाराणसी ।

३) चौबे सुशील कुमार, १९७५, हमारा आधुनिक संगीत, अवध पब्लीशिंग हाउस नव ज्योति प्रेस लखनऊ ।

४) दर्नाल, रामशरण, वि.स. २०५८, संगीत-सौरभ, रत्न पुस्तक भण्डार काठमाडौँ ।

५) देवी चन्द्र, १९९८, सामवेद, मोती लाल वाराणसी दास, बनारस ।

६) जोशी उमेश, १९८८, भारतीय संगीतका इतिहास, मानसरोबर प्रतिष्ठान फिरोजाबाद ।

७) मिश्र लालमणि, २०१९, भारतीय संगीत वाद्य, प्रकाशन भारतीय ज्ञानपीठ, नई दिल्ली ।

८) परांजपे श्रीधर शरच्चन्द्र, १९९४, भारतीय संगीतका इतिहास, चौखम्बा विद्याभवन, वाराणसी ।

९) परांजपे, श्रीधर शरच्चन्द्र, २०१५, भारती संगीतका इतिहास प्रकाश, वाराणसी ।

१०) रावल, बेनीजंगम, वि.स. २०६८, रश्मि, जङ्गम प्रकाशन, काठमाडौँ ।

११) रेग्मी ध्रुवेश चन्द्र, २०८०, नेपाली संगीत दरबार, बुकहिल पब्लिकेसन प्रा.लि. काठमाडौँ ।

१२) राजचलसीता मैयाँ, २०६०, संगीत सागर पत्रिका, कलानिधि कल्चरल संगीत महाविद्यालय ।

१३) शर्मा पंकजमाला, २००७, वैदिक संगीत, हाथरस उ.प्र. ।

१४) शास्त्री शुक्ल बाबुलाल, १९८५, हिन्दी नाट्रय शास्त्र, चौखम्बा संस्कृत संस्थान, वाराणसी ।

१५) टाक माया, २००७, वैदिक युग में नृत्यकला, संगीत कार्यालय हाथ्रस उ.प्र.।